# प्रेस विज्ञप्ति – 2022 काउन्टी निर्वाचन

1 जनवरी 2023 मा सामाजिक कल्याणकारी तथा स्वास्थ्य सेवाको सुधार (sote-uudistus) लागू हुने छ। सुधारमा, सामाजिक कल्याणकारी तथा स्वास्थ्य सेवा र उद्धार सेवाहरू आयोजना गर्ने जिम्मेवारी नगरपालिकाहरूबाट 21 वटा कल्याणकारी स्वास्थ्य सेवा काउन्टीमा हस्तान्तरण गरिने छ। यद्यपि, हेलसिङ्की शहर न त कल्याणकारी सेवा काउन्टी हो न त कुनै कल्याणकारी सेवा काउन्टीको हिस्सा हो र यसले आफ्नो सामाजिक कल्याणकारी तथा स्वास्थ्य सेवा र उद्धार सेवाहरूको आफै हेरचाह गर्ने छ।

कल्याणकारी सेवा काउन्टीहरू नगरपालिकाहरू र राज्यभन्दा अलग सार्वजनिक कानुनी संस्थाहरू हुन् र तिनीहरूको इलाकामा स्व-सरकार हुन्छ। फिनल्याण्ड मुख्य रूपमा वर्तमान क्षेत्रहरूमा आधारित रहेर कल्याणकारी सेवा काउन्टीहरूमा विभाजित हुने छ। उसिमा क्षेत्रमा चारवटा कल्याणकारी सेवा काउन्टीहरू हुने छन्।

उच्च निर्णय लिने कल्याणकारी सेवाहरू काउन्टी निकाय काउन्टी परिषद् हो, जुन यसका बासिन्दाहरूद्वारा निर्वाचित भएको हो। काउन्टी परिषद्का सदस्यहरू अर्थात्, मन्त्रिपरिषद्का सदस्यहरू काउन्टी निर्वाचनमा निर्वाचित छन्।
पहिलो काउन्टी निर्वाचन **आइतवार 23 जनवरी 2022** मा हुने छ। तिनीहरूमा निर्वाचित काउन्टी परिषद्को पदावधि मार्च 2022 को सुरुवातमा सुरु हुने छ र मे 2025 को अन्त्यसम्म जारी रहने छ। 2025 बाट, काउन्टी निर्वाचनहरू नगरपालिकाको निर्वाचनको समयमै हुने छन्।

काउन्टी निर्वाचनमा, फिनिश नागरिकहरू र विशेष अवस्थाहरूअन्तर्गत, अन्य देशका नागरिकहरूले मतदान गर्न र उम्मेदवारको रूपमा खडा हुन सक्छन्।

फिनल्याण्डमा मतदान स्वैच्छिक हो।

हेलसिङ्की शहर र ओल्यान्ड क्षेत्रमा कुनै काउन्टी निर्वाचन हुने छैन।

## मतदानका अधिकारहरू -जो मतदान गर्न योग्य रहेको छ

तपाईं फिनल्याण्ड, अर्को युरोपेली संघ सदस्य राज्य, आइसल्याण्ड वा नर्वेको नागरिक हुनुहुन्छ र तपाईं निम्न अवस्थाहरू पूरा गर्नुहुन्छ भने काउन्टी निर्वाचनमा मतदान गर्न सक्नुहुन्छ:

- तपाईं निर्वाचनको दिन (23 जनवरी 2022) सम्ममा 18 बर्ष पुग्नुभएको छ
- तपाईंको आवास 3 डिसेम्बर 2021 मा फिनल्याण्डमा कल्याणकारी सेवा काउन्टीसँग सम्बन्धित नगरपालिका रहेको छ

तपाईं अन्य कुनै देशको नागरिक हो भने, निम्न भएमा तपाईं काउन्टी निर्वाचनमा मतदान गर्न सक्नु हुने छ:

- तपाईं निर्वाचनको दिन (23 जनवरी 2022) सम्ममा 18 बर्ष पुग्नुभएको छ

- तपाईंको  आवास  3 डिसेम्बर 2021 मा फिनल्याण्डमा कल्याणकारी सेवा काउन्टीसँग सम्बन्धित नगरपालिका रहेको छ
- 3 डिसेम्बर 2021 भन्दा अघि कम्तीमा दुई बर्षदेखि निरन्तर फिनल्यान्डको *एउटा* क्षेत्रमा तपाईंको आवास नगरपालिका रहेको छ

तपाईंको नगरपालिकाको आवास नगरपालिका आवास ऐनको आधारमा निर्धारण गरिएको हो। सिद्धान्तमा, तपाईंको नगरपालिका आवास तपाईं बस्नु हुने नगरपालिका हो।
तपाईंको नगरपालिका आवासले तपाईं कुन कल्याणकारी सेवाहरू काउन्टीसँग सम्बन्धित हुनुहुन्छ, अर्थात्, तपाईं कुन कल्याणकारी सेवाहरू काउन्टीको काउन्टी निर्वाचनमा मतदान गर्न योग्य हुनुहुन्छ भन्ने कुरा पनि निर्धारण गर्दछ। काउन्टी निर्वाचनमा, तपाईंले आफ्नो कल्याणकारी सेवा काउन्टीमा निर्वाचनका लागि उठ्ने उम्मेदवारलाई मात्र मतदान गर्न सक्नुहुन्छ।

2022 को काउन्टी निर्वाचनमा, तपाईंको नगरपालिका आवास जनसङ्ख्या सूचना प्रणालीमा 3 डिसेम्बर 2021 मा मध्यरात 12:00 मा तपाईंको नगरपालिका आवासको रूपमा रेकर्ड गरिएको नगरपालिकाको आधारमा निर्धारण गरिने छ।

आवश्यक भएमा, तपाईं डिजिटल र जनसङ्ख्या डाटा सेवा एजेन्सीबाट तपाईंको नगरपालिका आवास जाँच गर्न सक्नु हुन्छ।

## मतदान गर्ने अधिकारको सूचना मतदान गर्न हकदार भएका सबै व्यक्तिलाई पठाइन्छ

डिजिटल र जनसङ्ख्या डाटा सेवा निकायले मतदान गर्न हकदार भएका सबै व्यक्तिको जानकारी समावेश गरेर मतदान दर्ता कायम राख्दछ। मतदान दर्ताका लागि छुट्टाछुट्टै दर्ता गर्नु आवश्यक छैन।

डिजिटल र जनसङ्ख्या डाटा सेवा निकायले तपाईंलाई **30 डिसेम्बर 2021** सम्ममा तपाईंको मतदान गर्ने अधिकारबारे जानकारी दिने सूचना कार्ड पठाउने छ। यो कार्ड मतदान गर्न योग्य हकदार भएका र ठेगाना थाहा भएका प्रत्येक व्यक्तिलाई कार्ड पठाइन्छ।जसको ठेगाना थाहा छ प्रत्येक व्यक्तिलाई पठाइन्छ। तपाईंले Suomi.fi सन्देश सेवाका लागि साइन अप गर्नुभएको छ भने तपाईंको सूचना कार्ड डिजिटल फाराममा पठाइने छ, जुन डिजिटल र जनसङ्ख्या डाटा सेवा निकायद्वारा प्रदान गरिएको हो (थप जानकारीका लागि, www.suomi.fi/messages भिजिट गर्नुहोस्)।
मतदान गर्न पाउने अधिकारको सूचनामा मतदानसम्बन्धी निर्देशन, तपाईंको निर्वाचनको दिन मतदान केन्द्रको बारेमा जानकारी, काउन्टी परिषद्का कार्यहरूको बारेमा जानकारी र तपाईंको निवास स्थान नजिक रहेका अग्रिम मतदान केन्द्रहरूको सूची समावेश गरिएको छ। तपाईंले मतदान केन्द्रमा मतदान गर्न पाउने अधिकारको आफ्नो सूचना ल्याउन आवश्यक छैन, तर तपाईंले आफ्नो मत दिनुअघि आफ्नो पहिचान प्रमाणित गर्न आवश्यक पर्ने छ।

## योग्यता –– उम्मेदवारको रूपमा को उठ्न सक्छ?

तपाईंले निम्न अवस्थाहरू पूरा गर्नुभयो भने तपाईं आफ्नो कल्याणकारी सेवा काउन्टीमा उम्मेदवारको रूपमा उठ्न सक्नुहुन्छ:

- तपाईंको नगरपालिका आवास कल्याणकारी सेवा काउन्टीसँग सम्बन्धित छ जसको परिषद्मा तपाईं उम्मेदवारको रूपमा उठ्न चाहानुहुन्छ
- तपाईंसँग कल्याणकारी सेवा काउन्टीमा मतदान गर्ने अधिकार छ
- अदालतको निर्णयले तपाईंलाई कानुनी रूपमा अयोग्य घोषित गरेको छैन।

कृपया "Laki hyvinvointialueesta" मा सूचीबद्ध गरिएकाकेही राज्य अधिकारी, प्रमुख काउन्टी अधिकारी र कर्मचारीहरू (अङ्ग्रेजीमा: कल्याणकारी सेवा काउन्टीहरूमा ऐन; अङ्ग्रेजी अनुवाद छैन) काउन्टी निर्वाचनमा उम्मेदवारको रूपमा उठ्न सक्दैनन् भन्ने कुरा नोट गर्नुहोस्।

# काउन्टी निर्वाचनका लागि उम्मेदवारहरूको मनोनयन

काउन्टी निर्वाचनमा, उम्मेद्वारहरूलाई दर्ता गरिएका दल, योग्य मतदाताहरुद्वारा

- स्थापित निर्वाचन क्षेत्र
- संघहरूले मनोनीत गर्न सक्छन्।

प्रत्येक दलले आ–आफ्नो उम्मेदवारको निर्णय आफ्नो नियम र नियमावली अनुसार गर्न सक्छन्। तपाईं दल उम्मेदवारको रूपमा उठ्न चाहनुहुन्छ भने, यस विषयमा आफूलाई मन परेको दलसँग छलफल गर्नुपर्छ।

निर्वाचन क्षेत्र संघको स्थापना गर्न शायद कल्याणकारी सेवा काउन्टीमा बस्ने कम्तीमा 50 जना योग्य मतदाताहरू आवश्यक छन्।

दुई वा दुईभन्दा बढी दललाई निर्वाचित गठबन्धन बनाउने अधिकार छ। दुई वा दुईभन्दा बढी निर्वाचन क्षेत्र संघलाई संयुक्त सूची तयार गर्ने अधिकार छ।

एउटा दल, निर्वाचन गठबन्धन वा एउटा राम्रो सेवा काउन्टीमा संयुक्त सूचीद्वारा मनोनीत उम्मेदवारहरूको सङ्ख्या अधिकतम 1.25 को एक कारक द्वारा निर्वाचित हुन कुल मन्त्रिपरिषद्को कुल सङ्ख्याभन्दा बढी हुन सक्छ। 59 देखि 79 जना प्रतिनिधिहरू कल्याणकारी सेवा काउन्टीको जनसङ्ख्याको आधारमा परिषद्मा निर्वाचित भएका छन् ।

प्रत्येक उम्मेदवारलाई एउटा सङ्ख्या दिइने छ। उम्मेदवारहरूको मुख्य सूची बनाइने छ, जसमा सबै उम्मेद्वारहरू सङ्ख्यात्मक क्रमअनुसार देखाइने छ, 2 नम्बरबाट सुरु गरेर मुख्य सूचीमा, उम्मेदवारहरूलाई दल र संयुक्त सूचीले समूह बनाएर राखिन्छ। मुख्य सूचीमा प्रत्येक उम्मेदवारका लागि निम्न जानकारी समावेश गरिने छ: तिनीहरूको नाम, उम्मेदवार सङ्ख्या र शीर्षक/पेशा/व्यावसाय र नगरपालिका आवास। साथै, मुख्य सूचीले निम्न कुराहरू सङ्केत गर्ने छ

- कुन दलहरूले निर्वाचन गठबन्धन बनाएका छन्
- कुन निर्वाचन क्षेत्र संघहरूले संयुक्त सूची स्थापना गरेका छन्
- कुन दलहरू निर्वाचन गठबन्धनको सदस्य हैनन्
- कुन उम्मेदवारहरू संयुक्त सूची बाहिर चलिरहेका छन्।

उम्मेदवारहरूको मुख्य सूची 23 डिसेम्बर 2021 मा सबै कल्याणकारी सेवा काउन्टीमा तयार गरिने छ। तपाईंको कल्याणकारी सेवा काउन्टीको मुख्य सूची उदाहरणका लागि, मतदान केन्द्रहरू र न्याय मन्त्रालयको निर्वाचन पृष्ठहरूमा (www.vaalit.fi) उपलब्ध छ। तपाईं आफ्नै कल्याणकारी सेवा काउन्टीको क्षेत्र बाहिर अग्रिम मतदान गर्नुहुन्छ भने, तपाईं सबै कल्याणकारी सेवा काउन्टीमा उम्मेदवारहरूको विवरण सूचीबद्ध गर्ने उम्मेद्वार पुस्तकको लागि निर्वाचन अधिकारीलाई सोध्न सक्नुहुन्छ।

## मतदान मिति

तपाईं कि त आइतवार, 23 जनवरी 2022 निर्वाचनको दिन वा अग्रिम मतदान अवधिमा निर्वाचनको दिनअघि मतदान गर्न सक्नुहुन्छ। तपाईंले एक पटक मात्र मतदान गर्न सक्नुहुन्छ। दुई पटक मतदान गर्नु भनेको अपराध संहिता अन्तर्गत दण्डनीय अपराध हो।

**अग्रिम मतदान:**

अग्रिम मतदान **बुधवार, 12 जनवरी 2022** मा सुरु हुन्छ।

विदेशमा अग्रिम मतदान **शनिवार, 15 जनवरी 2022** र फिनल्यान्डमा **मङ्गलवार, 18 जनवरी 2022** मा समाप्त हुन्छ। केही अग्रिम मतदान केन्द्रमा मतदान अवधि छोटो हुन्छ।

तपाईं फिनल्याण्ड वा विदेशको कुनै पनि मतदान केन्द्रमा अग्रिम मतदान गर्न सक्नुहुन्छ। निम्नले अग्रिम मतदान केन्द्रहरूको रूपमा कार्य गर्न सक्छन्:

- फिनल्याण्डमा रहेका अग्रिम मतदान केन्द्रहरू जुन नगरपालिकाद्वारा नियुक्त गरिएका हुन्, उदाहरणका लागि, नगरपालिका कार्यालयहरू
- विदेशका विभिन्न फनिश मिशनहरू
- अस्पताल, सामाजिक कल्याण एकाइ र सुधारात्मक संस्था जस्ता संस्थाहरू।
  यी संस्थाहरूमा बिरामी वा सजाय भोगिरहेकाहरूले मात्र त्यहाँ मतदान गर्न सक्छन्।
- अग्रिम मतदानको अवधिमा विदेशमा रहेका फिनिश जहाजहरू। जहाजका कर्मचारीले मात्र समुद्रमा हुँदा मतदान गर्न सक्छन्, यात्ुरुहरूले जहाजमा मतदान नगर्न सक्छन्।

**निर्वाचनको दिनमा मतदान:**

निर्वाचनको दिनमा, मतदान **आइतवार, 23 जनवरी 2022, बिहान 9 बजेदेखि साँझ 8 बजेसम्म**हुने छ।

निर्वाचनको दिन तपाईंलाई पठाइएको मतदान अधिकार सूचनामा चिन्ह भएको मतदान केन्द्रमा मात्रै मतदान गर्न सक्नुहुन्छ।

**घरबाट मतदान:**

तपाईंको हिँड्डुल वा कार्य गर्ने क्षमता अव्यवहारिक कठिनाइ बिना मतदान केन्द्रमा पुग्न नसक्ने हदसम्म सीमित छ भने अग्रिम मतदान अवधिमा तपाईं घरबाटै मतदान गर्न सक्नुहुन्छ ।

**मङ्गलवार 11 जनवरी 2022** साँझ 4 बजे भन्दा पहिले तपाईंले घरबाट मतदान गर्न दर्ता गर्नुपर्छ। दर्ता गर्नका लागि, आफ्नो नगरपालिका आवासको केन्द्रीय नगरपालिकाको निर्वाचन बोर्डमा सम्पर्क गर्नुहोस्। बोर्डको सम्पर्क विवरण मतदान गर्ने अधिकारको तपाईंको सूचनामा पाउन सकिन्छ। केही अवस्थाहरूमा एउटै घरमा बस्ने परिवारको हेरचाह गर्ने व्यक्तिले एकै पटक मतदान गर्न सक्छन्।

**मेलद्वारा मतदान:**

तपाईं सम्पूर्ण अग्रिम मतदान अवधि र निर्वाचनको दिनमा विदेशमा हुनु हुने छ भने, तपाईं विदेशबाट मेल मार्फत पनि मतदान गर्न सक्नुहुन्छ।

मेलद्वारा मतदान गर्न, न्याय मन्त्रालयको अनलाइन सेवाबाट आवश्यक मतदान सामग्री विदेशमा तपाईंको ठेगानामा आदेश दिनुहोस्। निर्वाचनको दिनभन्दा तीन महिनाअघि आदेश दिन सकिन्छ। मतदान गर्न पाउने अधिकार प्राप्त व्यक्तिको रूपमा, निर्वाचन ऐनमा तोकिएका समयभित्र आफ्नो नगरपालिकाको केन्द्रीय नगरपालिकाको निर्वाचन बोर्डलाई आफ्नो मतपत्र छोपेर खाममा फिर्ता गर्न सक्ने गरी तोकिएको समयमा नै आवश्यक मतगणना कागजातको व्यवस्था गर्ने जिम्मेवारी तपाईंको हो ।

## मतदान कसरी गर्ने

अग्रिम मतदान अवधि वा निर्वाचनको दिनमा मतदान गर्न, आफ्नो स्थानीय मतदान केन्द्रमा जानुहोस्। तपाईंको कल्याणकारी सेवा काउन्टीमा उम्मेदवारहरूको मुख्य सूचीमा सूचीकृत उम्मेदवारमध्ये एक जनालाई मात्र मतदान गर्न सक्नुहुन्छ।

**1) आफ्नो राहदानी, परिचय पत्र, ड्राइभिङ लाइसेन्स वा अन्य समान कागजात देखाएर निर्वाचन अधिकारीलाई** तपाईंको पहिचान प्रमाणित गर्नुहोस्। निर्वाचन अधिकारीले तपाईंलाई मतपत्र दिने छन्।

**2) मतदान केन्द्रमा जानुहोस्।** एक पटकमा एक जना व्यक्ति मात्र मतदान केन्द्रमा प्रवेश गर्न सक्नुहुन्छ।

**3) तपाईंले आफ्नो मतपत्रमा जुन उम्मेदवारको लागि मतदान गर्दै हुनुहुन्छ त्यसको सङ्ख्याको चिन्ह लगाउनुहोस्।** तपाईंले एक जना उम्मेदवारको लागि मात्र मतदान गर्न सक्नुहुन्छ। मतपत्रमा आफ्नो उम्मेदवारको सङ्ख्या गोलोमा लेख्नुहोस्। तपाईंको मतपत्रमा अरू केही नलेख्नुहोस् वा नकोर्नुहोस् । तपाईंले लेख्नुभएको सङ्ख्या भित्र नै रहोस् र अरू कसैलाई पनि नदेखिने गरी मतपत्र तह मोड्नुहोस्।

**4) तपाईंको मोडेको मतपत्रलाई निर्वाचन अधिकारीकहाँ लैजानुहोस्।** तिनीहरूले मतपत्रमा छाप लगाउने छन्।

**5a)** तपाईं निर्वाचनको दिनमा मतदान गर्दै हुनुहुन्छ भने, **आफ्नो छाप लगाइएको मतपत्रलाई मतपत्र बाकसमा खसाल्नुहोस्।**

**5b)** तपाईं अग्रिम मतदान गर्दै हुनुहुन्छ भने, **निर्वाचन अधिकृतले तपाईंलाई एउटा निर्वाचन खाम दिने छन् जसमा तपाईंले आफ्नो छाप लगाएको मतपत्र सिल गर्नु हुने छ।**

मतपत्रमा उम्मेदवारको सङ्ख्या लेख्ने तपाईंको क्षमता उल्लेखनीय रूपमा बिग्रेको छ भने, तपाईंले आफ्नो छनोटको मतदान सहायक वा निर्वाचन अधिकारीलाई मतदान गर्न मद्दत गर्न अनुरोध गर्न सक्नुहुन्छ। तपाईंको सहायक उम्मेदवार वा उम्मेदवारको नजिकको आफन्त नहुन सक्छ। तपाईंको सहायकले तपाईंको मतपत्रको गोपनीयता कायम राख्न अर्थात्, तपाईंको मतसँग सम्बन्धित कुनै पनि जानकारी गोप्य राख्न बाध्य हुने छ।

## थप जानकारी

- निर्वाचनसम्बन्धी थप जानकारीका लागि, कृपया तपाईंको नगरपालिकाको केन्द्रीय नगरपालिकाको निर्वाचन बोर्डमा सम्पर्क गर्नुहोस्। व्यक्तिगत मतदान अधिकारहरूसम्बन्धी कुनै पनि प्रश्न डिजिटल र जनसङ्ख्या डाटा सेवा निकायसमक्ष पेश गर्न सकिन्छ।
  दुवैका सम्पर्क विवरणहरू तपाईंको मतदान अधिकार सूचनामा उपलब्ध छन्।

- अग्रिम मतदान केन्द्रहरूको ठेगानाहरू र खुल्ने समय, मेल–इन मतदानको व्यवस्था गर्न निर्देशनहरू, उम्मेद्वारहरूको बारेमा जानकारी र अन्य निर्वाचनसम्बन्धी जानकारी न्याय मन्त्रालयको मतदान वेबसाइटमा **www.vaalit.fi** मा पाउन सकिन्छ।

- काउन्टी निर्वाचनमा उठेका उम्मेदवारहरूको जानकारी 23 डिसेम्बर 2021 पछि न्याय मन्त्रालयको निर्वाचन पृष्ठहरूमा पाउन सकिन्छ। 5 नोभेम्बर 2021 पछि अग्रिम मतदान केन्द्रहरूको जानकारी उपलब्ध गराइने छ।

डिजिटल र जनसङ्ख्या डाटा सेवा निकाय, 12.10.2021।